# श्री सर्वोच्च अदालतमा पेश गरेको
## लिखित जवाफ

मार्फत : महान्यायाधिवक्ताको कार्यालय, रामशाहपथ, काठमाडौं ।
विषय : आधारहीन रिट निवेदन खारेज गरिपाँऊ ।

राष्ट्रिय मानव अधिकार आयोग, हरिहरभवन, पुल्चोक, ललितपुरका तर्फबाट
अख्तियार प्राप्त व्यक्ति एवं ऐ. को का.मु.सचिव मुरारीप्रसाद खरेल................१ पक्ष
लि.ज.प्रस्तुतकर्ता

विरुद्ध

ललितपुर जिल्ला, ललितपुर महानगरपालिका वडा नं. १६ बस्ने वर्ष २२ को
रुक्शना कपाली...........................................................................१ विपक्ष
रिट निवेदक

<u>मुद्दा : परमादेश लगायत जो चाहिने आज्ञा आदेश जारी गरिपाँऊ (रिट नं. ०७७-wo-०९७३))</u>

माथि उल्लिखित रिट निवेदनमा सम्मानित सर्वोच्च अदालतबाट जारी भएको लिखित जवाफ फिराउने १५ दिने म्याद यस आयोगमा मिति २०७८ । १ । १० गते तामेल भएकोमा नेपाल लगायत संसारभर फैलिएको कोरोना महामारी (कोभिड - १९) का कारण सम्मानित सर्वोच्च अदालतले प्रवाह गर्ने सेवामा सङ्कुचन भएकोले सम्मानित सर्वोच्च अदालतको बृहत् पूर्ण इजलासको मिति २०७७ । २ । १५ को आदेशबमोजिमको म्यादैभित्रै देहायबमोजिमको लिखित जवाफ पेश गरेको छु ।

१. विपक्षीको रिट निवेदनको सम्पूर्ण व्यहोरा रिट निवेदनको अध्ययनबाट स्पष्ट हुने नै हुँदा यहाँ सो को पुनरावृत्ति गरिएको छैन ।

२. आफूले महिलाको पहिचान राखी त्रिभुवन विश्वविद्यालयमा रजिष्ट्रेशन गर्नका लागि प्रक्रिया अगाडि बढाएको भए पनि सो विश्वविद्यालयले त्यसअनुरुप रजिष्ट्रेशन नगरिदिएको

नागरिकताको प्रमाणपत्रमा भएको "अन्य" को सट्टा महिलाको पहिचानयुक्त नागरिकता पाउन गृह मन्त्रालयसमेतमा निवेदन दिँदा सो को सुनुवाई नभएको, प्रथम पटक लिएको राहदानीमा महिला उल्लेख भए पनि दोस्रो पटक लिएको राहदानीमा महिला नभई "अन्य" उल्लेख भएको र सोविरुद्ध राहदानी विभागमा निवेदन गर्दा सुनुवाइ नभएको एवम् आफूले आवेदन नै नगरेको "तेस्रो लिङ्गी" उल्लेख गरी निर्वाचन आयोगले मतदाता परिचयपत्र जारी भएकोले तत् तत् निकायहरुविरुद्ध परमादेश लगायत जो चाहिने आज्ञा आदेश जारी गरिपाँऊ भन्नेसमेत व्यहोराको रिट निवेदकको माग दाबी रहेछ ।

३. विश्वविद्यालयमा रजिष्ट्रेशन गर्ने, नागरिकताको प्रमाणपत्र प्रदान गर्ने, राहदानीको त्रुटी सच्याउँने एवम् मतदाता परिचयपत्र दिने जस्ता कार्यहरु यस आयोगसित सम्बन्धित नै नभएकाले असम्बन्धित विषयमा आयोगलाई विपक्षी बनाई दायर भएको प्रस्तुत रिट निवेदन खारेज भागी छ, खारेज गरिपाँऊ ।

४. नेपालको संविधानको धारा २४९ तथा राष्ट्रिय मानव अधिकार आयोग ऐन, २०६८ को दफा ४ मा उल्लिखित काम, कर्तव्य र अधिकार मुताबिक क्रियाशील रहेको यस आयोगको सबैले विभेदरहित तवरबाट मानव अधिकारको उपभोग गर्न पाउँनु पर्ने स्पष्ट मान्यता रहेको छ ।

५. रिट निवेदक लगायत सबैको मानव अधिकारको सम्मान, संरक्षण र संवर्धन गर्ने आफ्नो संवैधानिक कर्तव्यप्रति आयोग सचेत र क्रियाशील रहेकोले आयोगलाई विपक्षी बनाई दायर भएको प्रस्तुत रिट निवेदन खारेज गरिपाँऊ ।

६. प्रस्तुत रिट निवेदनको सुनुवाइका क्रममा उपस्थित हुनुहुने विद्वान सरकारी वकिलको बहस - जिकिर समेतलाई यसै लिखित जवाफको अभिन्न अङ्ग मानिपाँऊ ।

लिखित जवाफ प्रस्तुतकर्ता

.....................

(मुरारीप्रसाद खरेल)
का.मु.सचिव
राष्ट्रिय मानव अधिकार आयोग

राष्ट्रिय मानव अधिकार आयोग नेपाल

इति संवत २०७८ साल साउन १८गते रोज १ शुभम् ........................................................ ।